# नेपालगञ्ज उप-महानगरपालिका
## उप-महानगर कार्यपालिकाको कार्यालय
## वी.पि.चौक, नेपालगञ्ज, ५ नं. प्रदेश, नेपाल
## कार्यक्षेत्रगत शर्त(TOR)

नेपालगञ्ज उप-महानगरपालिका र युनिसेफ नेपालको सहकार्यमा यस उपमहानगर क्षेत्रमा बालश्रम न्यूनिकरण तथा बालसंरक्षण (Child Labour and Child Protection Programme) सम्बन्धी कार्यक्रमहरु साझेदार संस्थाहरुको प्रारम्भिक आशय र प्रस्ताव मूल्याङ्कन विधिद्धारा सेवा प्रदायक छनौट गरी कार्यान्वयन गर्नुपर्ने भएकोले देहाय बमोजिम कार्यक्षेत्रगत शत(TOR) तोकेको छ ।

**प्रस्ताव पेश गर्दा देहायका विषयमा स्पष्ट उल्लेख गर्नुहोस्**

**१. कार्यक्रमको पृष्ठभूमी :** प्रस्ताव पेश गर्दा कुन क्लष्टर वा समूहको के कार्यक्रम हो स्पष्ट उल्लेख गर्नुहोस् ।

**२. कार्यक्रमको उद्देश्य** :(क) निकृष्ट प्रकारका बालश्रम न्यूनिकरणका साथै जोखीम परिस्थितिमा रहेका श्रमिक बालवालिका उद्धार तथा पुर्नस्थापना गरि उनीहरुका परिवारको लागि आय आर्जनमा सहयोग पुग्ने विकल्पको खोजी गरि सो अनुरुप कार्य गर्ने ।(ख) श्रमिक बालवालिका, तिनका परिवार, रोजगारदाता र समुदायस्तरमा सकारात्मक सन्देश तथा जनचेतना मार्फत् निकृष्ट प्रकारको वालश्रम निषेध र न्यूनिकरण गर्ने कार्य र उनीहरुप्रतिको व्यवहारमा सकारात्मक धारणाको विकास गर्ने ।

(ग) सरकारी र वालसंरक्षणका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरुको संस्थागत क्षमता विकास गरि बालवालिकाको हितमा बनेका कानूनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(घ) विस्तृत उद्धेश्य र सो अनुरुपको अपेक्षित प्रतिफलका वारेमा क्लष्टर बमोजिम विवरणका उल्लेख गरिएको छ । सो विवरण अध्ययन गर्नुहोस् ।

**३. कार्यक्षेत्र :** नेपालगञ्ज उपमहानगरपालिका ।

**४. संस्थागत क्षमता तथा स्रोत साधनः**

१. संस्थाको छोटो परिचय २. संस्थागत अनुभव र क्षमता ३. मूख्य-मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव ४. कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता ५. संस्थाको वार्षिक कार्यक्रम उ.म.न.पा.मा पेश ६. कार्यालय भवन तथा भौतिक सामाग्री ७. व्यवस्थापकिय क्षमता ।

**५. वडा कार्यालय, स्वास्थ्य चौकी, वडा नागरिक मञ्च, वडास्तरीय बालमैत्री स्थानीय शासन समिति, वडा बालसंरक्षण समिति, बालक्लव सञ्जाल लगायत वडाभित्र रहेका सरोकारवालाहरु संगको समन्वयः** कार्यक्रम कार्यान्वयन गर्नुपूर्वको समन्वय, सञ्चालन गर्दा, कार्यान्वयन भै रहंदा र सम्पन्न पश्चात् समग्र कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने अवधी सम्मको समन्वय कसरी गर्ने हो ?

**६. संचालन गर्ने विधि** : संचालन गर्ने विधि उल्लेख गर्नुहोस् ।

**७. संस्थाको साझेदारी :** कार्यक्रम सम्पन्न पश्चात लाभान्वित लक्षित समूहका व्यक्तिहरुको नियमित रेखदेख गरि उनीहरुको जीवनमा सकारात्मक परिवर्तन आउने गरि गर्न सकिने संस्थाको स्पष्ट मार्गचित्र उल्लेख गर्नुहोस् ।

**८. कार्य योजनाः** कार्यक्रम कार्यान्वयनका लागि विस्तृत कार्ययोजना ।

**९. अनुगमन तथा मूल्याङ्कन विधीः** कार्यक्रमको शुभारम्भ देखि कार्यसम्पन्न सम्मको अनुगमन तथा मूल्याङ्कनको विधी र कार्य योजना उल्लेख गर्ने ।

**१०. सार्वजनिक परीक्षणः** स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधी, २०६७ अध्ययन गरि सो बमोजिम आफुले गर्ने सार्वजनिक परीक्षण वारेमा तरिका उल्लेख गर्ने ।

**११. प्रारम्भिक आशय छनौट**

(१) सूचनामा उल्लेखित शर्त तथा सो विषय संग सम्बन्धित सम्पूर्ण कागजातहरु प्रारम्भिक आशय छनौटका लागि अनिवार्य छन् ।

**१२. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- सूचनामा उल्लेख भएका शर्तहरु मध्ये बुँदा नं. १,४,५,६,७ र ११ प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

**पुनश्चः** *छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्नमा भने वाधा पर्ने छैन ।*

**नोट :** *प्रस्तुत शिर्षक अन्तर्गत् रही प्रस्तावदाताले आवश्यक विवरणहरु प्रमाण सहित संस्था प्रमुखवाट प्रमाणित गरी सहीछाप गरी पेश गर्नु पर्नेछ ।*